# निर्धन उत्थान लघुवित्तद्धारा विभिन्न ठाउँमा व्यवसायिक उद्यमशिलता तालिम सम्पन्न




**बैंकिङ खबर ।** निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले विभिन्न ठाउँमा व्यवसायिक तालिम सम्पन्न गरेको छ संस्थाले आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा पौष १२ गतेदेखि १४ गतेसम्म नवलपुर जिल्लाको दलदलेमा “उद्यमशीलता विकास तालिम” संचालन गरेको छ ।

उक्त तालिममा दलदले शाखाका २६ जना ग्राहक सदस्यहरुको सहभागितामा उद्यमशीलता विकास तालिम संचालन गरेको हो । यस तालिममा प्रशिक्षकहरुमा संस्थाको काठमाण्डौं नक्साल स्थित केन्द्रीय कार्यालयका वरिष्ठ ब्यवस्थापक पवन कुमार श्रेष्ठ, भरतपुर कार्यालयका कार्यक्रम अधिकृत परमेश्वर चौधरी, दलदले शाखाका प्रमुख लेख बहादुर क्षेत्री रहेका रहेका थिए ।

तालिममा सहभागीहरुले आयआर्जन, स्वरोजगार र ब्यवसाय बीच भिन्नता, आत्म विश्लेषण, सफल उद्यमीका विशेषताहरु, बाख्रापालन तथा भैंसीपालन सम्बन्धी भिडियो, वित्तीय साक्षरता सम्बन्धी भिडियो, ब्यवसाय छनौट, प्रारम्भिक छनौट प्रक्रिया, वृहद छनौट, सुक्ष्म छनौट प्रक्रिया, सफल उद्यमीको अनुभव, नमूना स्किमहरु, विभिन्न प्रविधि सम्बन्धी भिडियोहरु, संस्थाको सेवाहरु, ब्यवसायिक योजना, ब्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बजार, बजारिकरण, बजार सञ्जालको महत्व बारेमा जानकारी लिएका थिए ।